कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं. ०८८-५२०१३०
Email: adosalyan2076@gmail.com
Website: www.adosalyan.gov.np

# कृषि विकास कार्यालय, सल्यान

प. सं. २०७७/०७८
च.नं.

प्रथम पटक सूचना प्रकाशन मितिः- २०७७/०६/०५

## कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना ।

कृषि विकास कार्यालय, सल्यानको आ. व. २०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरुमा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा सल्यान जिल्लाका कृषि व्यवसायमा संलग्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, उद्यमी निजी फर्म ब्यवसायीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन (मिति २०७७/०७/०४ गतेका दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र कृषि विकास कार्यालय, सल्यानमा तपसिल अनुसारका कागजातहरु संलग्न गरि आवदेन पेश गर्न हुन अनुरोध गरिन्छ ।

थप जानकारीको लागि कृषि विकास कार्यालय, सल्यान (फोन नं. ०८८-५२०१३०) मा सम्पर्क गर्न हुन साथै कार्यालयको Website: www.adosalyan.gov.np मा हेर्न र कार्यविधि डाउनलोड गर्न सकिनेछ ।

**संचालन गरिने कार्यक्रमहरुः**

| सि.नं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | बजेट रु. | अनुदान रकम (%) |
|---|---|---|---|---|---|
| १. | नर्सरी प्रबर्द्धन कार्यक्रम निरन्तरता तथा विस्तार | पटक | १ | १० लाख | समूह तथा सहकारी ७०, निजि फर्म ५० |
| २. | सुन्तला जात फलफूल नर्सरी स्रोत केन्द्र स्थापना | संख्या | २ | ५० लाख | |
| ३. | तरकारी बीउ उत्पादन स्रोत केन्द्र स्थापना | पटक | १ | १० लाख | |
| ४ | कृषिमा आधारित साना उद्योग स्थापना तथा संचालन | संख्या | ३ | १५ लाख | |
| ५ | लसुन, प्याज, अदुवा, बेसार, तरकारी तथा खाद्यान्न प्रवर्द्धन कार्यक्रम | पटक | ३ | १५ लाख | |
| ६ | महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रम (घुम्ति कोष) | संख्या | १ | ५ लाख | ८० |
| ७ | सहकारी मार्फत कृषि उद्यम प्रवर्द्धन कार्यक्रम | संख्या | २ | १० लाख | ७० |
| ८ | प्राविधिक शिक्षालयहरुमा अर्गानिक कृषि प्रविधि प्रदर्शन तथा उत्पादन कार्यक्रम | संख्या | २ | १० लाख | सा. शिक्षालय ७०, नि. शिक्षालय ५० |
| ९ | चक्लाबन्दी खेती प्रोत्साहन अनुदान कार्यक्रम | पटक | १ | ५० लाख | ५० |
| १० | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (कृषि शिक्षा अध्ययन गरेका, विदेशबाट फर्केका, अपाङ्ग, एकल महिला, द्वन्द्व पिडित र कोरोना प्रभावित युवा) | पटक | ५ | ५० लाख | लक्षित समूह ७०, अन्य ५० |
| ११ | ब्यवसायिक फलफूल बगैचा स्थापना तथा क्षेत्र विस्तार | पटक | १ | १५ लाख | |

**आवश्यक कागजातहरुः**

१. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. कृषि व्यवसाय गर्ने अनुसूचि ३ अनुसारको प्रस्तावना
३. सहकारी र निजि फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि।
४. सहकारी र निजि फर्मको हकमा गत आ. व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाणको प्रतिलिपि ।
५. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
७. प्रतिवद्धता पत्र ।
८. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु ।

महेश आचार्य
२०७७/०६/०५